नेपाल सरकार
गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,

## मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,

## भर्ना तथा छनौट शाखा, हलचोक, स्वयम्भू, काठमाडौं।

### **[illegible] भर्ना सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः- २०८३/०५/२६ गते, सूचना नं. १(०८३/८४)

सशस्त्र प्रहरी बल, नेपालमा रिक्त रहेको साधारण समूह, साधारण उपसमूहतर्फ उल्लिखित पदहरुमा खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट अनलाइन मार्फत वा रु. १०/- को टिकट टाँसी स्वयं उपस्थित भई आफूलाई पायक पर्ने सशस्त्र प्रहरी बल, नेपालको तोकिएको कार्यालयहरुमा दरखास्त फाराम बुझाउन सकिने गरी यो दरखास्त आह्वान गरिएको छ ।

१. **दरखास्त लिने मितिः-**

(क) मितिः- २०८३/०५/३० गतेदेखि २०८३/०६/२८ गते कार्यालय समयसम्म ।

(ख) अनलाइन मार्फत तोकिएको समयभित्र दरखास्त फाराम भरेका सशस्त्र प्रहरी जवान र सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदका आवेदकहरुले मिति २०८३/०६/३० गते कार्यालय समयभित्र आफूले दरखास्त आवेदन दिंदा रोजेको कार्यालयमा स्वयं उपस्थित भई सक्कलै दरखास्त फाराम बुझाउनु पर्नेछ ।

२. **सम्पर्क मिति, समय र स्थानः-**

(क) साधारण समूहतर्फका सशस्त्र प्रहरी जवान र सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदको प्रारम्भिक शारीरिक परीक्षण सम्बन्धी सूचना मितिः २०८३/०७/१३ गते सशस्त्र प्रहरी बल, नेपालको वेबसाइट www.apf.gov.np र फेसबुक पेजमा प्रकाशन गरिनेछ ।

३. **आवश्यक पद संख्या (साधारण समूह, साधारण उपसमूहतर्फ):-**

| सि.नं. | | पद | विज्ञापन नम्वर | खुला | अमर/अशक्त स.प्र.क.सन्तति | समावेशी | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | |
| १. | | सशस्त्र प्रहरी जवान | ०१(०८३/८४) | ३२६ | १२ | ५३ | ८५ | ७४ | ४० | १४ | ६०४ |
| २. | क. | सशस्त्र प्रहरी परिचर (भान्छे) | ०२(०८३/८४) | २० | १ | ३ | ६ | ५ | २ | १ | ३८ |
| | ख. | सशस्त्र प्रहरी परिचर (कूचिकार) | ०३(०८३/८४) | ५ | ० | १ | १ | १ | ० | ० | ८ |
| | ग. | सशस्त्र प्रहरी परिचर (सूचिकार) | ०४(०८३/८४) | २ | १ | १ | १ | ० | ० | १ | ६ |
| | घ. | सशस्त्र प्रहरी परिचर (केशकर्तक) | ०५(०८३/८४) | ४ | ० | ० | १ | ० | १ | १ | ७ |
| | ङ. | सशस्त्र प्रहरी परिचर (चर्मकर्मी) | ०६(०८३/८४) | १ | ० | ० | ० | ० | ० | १ | २ |
| | च. | सशस्त्र प्रहरी परिचर (माली) | ०७(०८३/८४) | ० | ० | १ | ० | ० | ० | ० | १ |

४. **दरखास्त फाराम दर्ता गर्ने स्थानहरुः-**

(क) सशस्त्र प्रहरी जवान पदको लागिः-

| सि.नं. | दरखास्त फाराम संकलन गर्ने कार्यालयहरु | सम्पर्क नं. | सम्पर्क तथा परीक्षा संचालन हुने कार्यालयहरु |
|---|---|---|---|
| १. | **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भू, काठमाडौं ।** | ०१-५२४९०२४ | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भू, काठमाडौं । |
| २. | **सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गढीमाई बाहिनी मुख्यालय, मकवानपुर ।** | ९८५१२७२१७६ | |
| ३. | सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा., मकवानपुर । | ९८५१२७२५३२ | |
| ४. | सशस्त्र प्रहरी बल, नेपाल नं. १५ गण हे.क्वा., काभ्रेपलान्चोक । | ९८५१२७२०७५ | |
| ५. | सशस्त्र प्रहरी बल, नेपाल नं. १६ गण हे.क्वा., सिन्धुपाल्चोक । | ९८५१२७२१३३ | |
| ६. | सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गुल्म हे.क्वा., दोलखा । | ९८५१२७२५३७ | |
| ७. | सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गुल्म हे.क्वा., नुवाकोट । | ९८५१२७२५३५ | |
| ८. | सशस्त्र प्रहरी बल, नेपाल नं. २० गुल्म हे.क्वा., रसुवा । | ९८५१२७२२७५ | |
| ९. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा. सिन्धुली । | ९८५१२७२६०२ | |
| १०. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा. रामेछाप । | ९८५१२७२५५७ | |
| ११. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा. धादिङ्ग । | ९८५१२७२४९१ | |
| १२. | **सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, सुनसरी ।** | ९८५१२७२०२९ | सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, सुनसरी । |
| १३. | सशस्त्र प्रहरी बल, नेपाल नं. १ गण हे.क्वा. श्रीअन्तु, ईलाम । | ९८५१२७२२४२ | |
| १४. | सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हे.क्वा., झापा । | ९८५१२७२१२५ | |
| १५. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गण हे.क्वा. कंकालिनी, मोरङ्ग । | ९८५१२७२१३६ | |
| १६. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ गण हे.क्वा. त्रियुगा, उदयपुर । | ९८५१२७२२७२ | |

| | | | |
|---|---|---|---|
| १७. | सशस्त्र प्रहरी बल, नेपाल नं. १ गुल्म हे.क्वा. कञ्चनजंघा, ताप्लेजुङ्ग । | ९८५१२७२२४१ | सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, सुनसरी । |
| १८. | सशस्त्र प्रहरी बल, नेपाल नं. २ गुल्म हे.क्वा. हिमशिखर, पाँचथर । | ९८५१२७२२४० | |
| १९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गुल्म हे.क्वा., म्याग्लुङ्ग, तेह्रथुम । | ९८५१२७२२६२ | |
| २०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ गुल्म हे.क्वा. अरुण, संखुवासभा । | ९८५१२७२२५४ | |
| २१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ गुल्म हे.क्वा. टक्सार, भोजपुर । | ९८५१२७२२४५ | |
| २२. | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ गुल्म हे.क्वा. छिन्ताङ्ग, धनकुटा । | ९८५१२७२२४६ | |
| २३. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गुल्म हे.क्वा. हलेसी, खोटाङ्ग । | ९८५१२७२२४७ | |
| २४. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., सोलुखुम्बु । | ०३८-५२०१०१ | |
| २५. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., ओखलढुङ्गा । | ०३७-५२०६४२ | |
| २६. | **सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरी ।** | ९८५१२७२०२४ | सशस्त्र प्रहरी बल, नेपाल न. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरी । |
| २७. | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ गण हे.क्वा., सप्तरी । | ९८५१२७२१४३ | |
| २८. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण हे.क्वा., सिरहा । | ९८५१२७२१२६ | |
| २९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ८ गण हे.क्वा., धनुषा । | ९८५१२७२१२७ | |
| ३०. | सशस्त्र प्रहरी बल, नेपाल नं. १० गण हे.क्वा., सर्लाही । | ९८५१२७२१२९ | |
| ३१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ११ गण हे.क्वा., रौतहट । | ९८५१२७२१३० | |
| ३२. | सशस्त्र प्रहरी बल, नेपाल नं. १२ गण हे.क्वा., बारा । | ९८५१२७२१५१ | |
| ३३. | सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हे.क्वा., पर्सा । | ९८५१२७२१३२ | |
| ३४. | **सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, कास्की ।** | ९८५१२७२०२५ | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, कास्की । |
| ३५. | सशस्त्र प्रहरी बल, नेपाल नं. २३ गण हे.क्वा. मनकामना, तनहुँ । | ९८५१२७२०९९ | |
| ३६. | सशस्त्र प्रहरी बल, नेपाल नं. २५ गण हे.क्वा. चण्डिका, पर्वत । | ९८५१२७२०७९ | |
| ३७. | सशस्त्र प्रहरी बल, नेपाल नं. २९ गुल्म हे.क्वा., गोरखा । | ९८५१२७२२७१ | |
| ३८. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३० गुल्म हे.क्वा., स्याङ्जा । | ९८५१२७२५१८ | |
| ३९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३१ गुल्म हे.क्वा., पूर्वी नवलपरासी । | ९८५१२७२५१६ | |
| ४०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३२ गुल्म हे.क्वा., मनाङ्ग । | ९८५१२७२५२१ | |
| ४१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३३ गुल्म हे.क्वा., मुस्ताङ्ग । | ९८५१२७२४७४ | |
| ४२. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., लमजुङ । | ९८५१२७२६१५ | |
| ४३. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., म्याग्दी । | ९८५१२७२५९० | |
| ४४. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., बाग्लुङ्ग । | ९८५७६६८७०० | |
| ४५. | **सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यवासिनी बाहिनी मुख्यालय, रुपन्देही ।** | ९८५१२७२०७८ | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यवासिनी बाहिनी मुख्यालय, रुपन्देही । |
| ४६. | सशस्त्र प्रहरी बल, नेपाल सिमा सुरक्षा तालिम शिक्षालय बर्दघाट, नवलपरासी । | ९८५१२७२०६१ | |
| ४७. | सशस्त्र प्रहरी बल, नेपाल सशस्त्र प्रहरी जवान तालिम शिक्षालय, नौवस्ता, बाँके । | ९८५१२७२०६३ | |
| ४८. | सशस्त्र प्रहरी बल, नेपाल नं. २७ गण हे.क्वा., रुपन्देही । | ९८५१२७२१४४ | |
| ४९. | सशस्त्र प्रहरी बल, नेपाल नं. २९ गण हे.क्वा. ज्वालामाई दाङ्ग । | ९८५१२७२०८४ | |
| ५०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३१ गण हे.क्वा., बर्दिया । | ९८५१२७२१३९ | |
| ५१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गुल्म हे.क्वा., पाल्पा । | ९८५१२७२५८० | |
| ५२. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३६ गुल्म हे.क्वा., अर्घाखाँची । | ९८५१२७२०५७ | |
| ५३. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३७ गुल्म हे.क्वा., गुल्मी । | ९८५१२७२२८१ | |
| ५४. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., पूर्वी रुकुम । | ९८५७८४५४५२ | |
| ५५ | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., रोल्पा । | ९८४९७५७८४३ | |
| ५६. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., प्युठान । | ९८५७८९०४०२ | |
| ५७. | **सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, सुर्खेत ।** | ९८५१२७२०२६ | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, सुर्खेत । |
| ५८. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३३ गण हे.क्वा. त्रिपुरा, जुम्ला । | ०८७-५२०५०३ | |
| ५९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४४ गुल्म हे.क्वा., हुम्ला । | ९८५१२७२७५७ | |
| ६०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४५ गुल्म हे.क्वा., मुगु । | ९८५१२७२७६१ | |
| ६१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४६ गुल्म हे.क्वा., डोल्पा । | ०८७-५५०१८४ | |
| ६२. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४७ गुल्म हे.क्वा., पश्चिम रुकुम । | ९८५१२७२६४६ | |
| ६३ | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., सल्यान । | ०८८-५२०४१५ | |
| ६४ | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., जाजरकोट । | ९८५१२७११४९ | |
| ६५ | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., दैलेख । | ९८५१२७११४१ | |
| ६६. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., कालिकोट ॥ | ९८६४७९६४०० | |

| | | | |
|---|---|---|---|
| ६७. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, कैलाली । | ९८५१२७२०२७ | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, कैलाली । |
| ६८ | सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी, कंचनपुर । | ९८५१२७२१४१ | |
| ६९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३६ गण हे.क्वा., डोटी । | ९८५१२७२०८७ | |
| ७०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४४ गण हे.क्वा., दार्चुला । | ९८५१२७२२७६ | |
| ७१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४९ गुल्म हे.क्वा. खप्तड, अछाम । | ९८५१२७२३४९ | |
| ७२. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५१ गुल्म हे.क्वा., बैतडी । | ९८५१२७२०८५ | |
| ७३. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५२ गुल्म हे.क्वा., डडेलधुरा । | ९८५१२७२५१३ | |
| ७४. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., बाजुरा । | ९८५१२७२७५२ | |
| ७५. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., बझाङ्ग । | ९८५१२७२७६४ | |

(ख) सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदको लागिः-

| सि.नं. | दरखास्त फाराम संकलन गर्ने कार्यालय | सम्पर्क नं. |
|---|---|---|
| १. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भू, काठमाडौं । | ०१-५२४९०२४ |

५. आवश्यक न्यूनतम योग्यताः-

| सि.नं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १. | सशस्त्र प्रहरी जवान | (क) विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २२ वर्ष ननाघेको (जन्म मिति २०६१/०५/२६ गतेदेखि मिति २०६५/०५/२६ गतेसम्म),<br>(ख) कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको,<br>(ग) पुरुषको हकमा उचाई कम्तीमा पाँच फिट दुई इन्च र तौल कम्तीमा ५० के.जी. तथा महिलाको हकमा उचाई कम्तीमा पाँच फिट र तौल कम्तीमा ४२ के.जी. भएको,<br>(घ) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,<br>(ङ) पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको (महिलाको लागि नपर्ने),<br>(च) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>(छ) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको, (परीक्षाको क्रममा संचालन हुने)<br>(ज) आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>(झ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>(ञ) दरखास्त दिंदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>(ट) आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>(ठ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>(ड) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,<br>(ढ) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |
| २. | सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) | (क) विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २५ वर्ष ननाघेको (जन्म मिति २०५८/०५/२६ गतेदेखि मिति २०६५/०५/२६ गतेसम्म),<br>(ख) साधारण लेखपढ गर्न जानेको,<br>(ग) पुरुषको हकमा उचाई कम्तीमा पाँच फिट र तौल कम्तीमा ५० के.जी. तथा महिलाको हकमा उचाई कम्तीमा चार फिट दश ईन्च र तौल कम्तीमा ४२ के.जी. भएको,<br>(घ) सशस्त्र प्रहरी जवान पदको (क), (ख) र (ग) बाहेकको अन्य योग्यता भएको । |

६. राजस्व दस्तुरः-

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| १. | सशस्त्र प्रहरी जवान | दरखास्त फाराम बुझाउँदा रु. ३०० (तीन सय) बुझाउनु पर्नेछ । समावेशी समूहतर्फ दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम [रु. ६० (साठी)] थप दस्तुर बुझाउनु पर्नेछ, सम्बन्धित भर्ना केन्द्रहरुले तोकेको राजश्व बैंक खाता नं., कार्यालय कोड र राजश्व शिर्षक नं. मा जम्मा गर्नु भई सोको सक्कल भौचर तथा प्रतिलिपि १/१ प्रति दरखास्त फारामसाथ पेश गर्नु पर्नेछ । |
| २. | सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) | दरखास्त फाराम बुझाउँदा रु २०० (दुई सय) बुझाउनु पर्नेछ । समावेशी समूहतर्फ दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम [रु. ४० (चालिस)] थप दस्तुर बुझाउनु पर्नेछ एवं उक्त दस्तुर बापतको शुल्क सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालयमा रहेको राजश्व खाता नं. १०००१००२०००१००००, कार्यालय कोड ३१४०५३५०७, राजश्व शिर्षक नं. १४२२४ मा जम्मा गर्नु भई सोको सक्कल भौचर तथा प्रतिलिपि १/१ प्रति दरखास्त फारामसाथ पेश गर्नु पर्नेछ । |

७. दरखास्तसाथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु सक्कलै प्रति साथमा ल्याई उम्मेदवार आफैले प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ, केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरु मान्य हुने छैन ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(ख) हालसालै खिचेको पासपोर्ट साइजको दुबै कान देखिने फोटो ३ (तीन) प्रति ।

(ग) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति । (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कसिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा नेपाल सरकारको मान्यता प्राप्त कार्यालयबाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate) ।

(घ) **अमर/अशक्त सशस्त्र प्रहरी कर्मचारीहरुको सन्ततिहरु**को लागि अमर/अशक्त भएको पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र १ (एक) प्रति ।

(ङ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(छ) **दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित पत्रको प्रतिलिपि १ (एक) प्रति वा मिति २०७५/०४/२३ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको पत्रको सक्कल प्रति ।

(ज) **पिछडिएका क्षेत्रका** लागि **अछाम, कालिकोट, जाजरकोट,** जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त बुझाउँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने सिफारिस गरिएको पत्रको सक्कल प्रति ।

८. परीक्षा विधिः-

(क) प्रारम्भिक शारीरिक परीक्षण,

(ख) शारीरिक सहिष्णुता परीक्षा,

(ग) विस्तृत स्वास्थ्य परीक्षण,

(घ) लिखित परीक्षा (सशस्त्र प्रहरी जवान पदको लागि),

(ङ) प्रयोगात्मक परीक्षा (सशस्त्र प्रहरी परिचर पदको लागि),

(च) विशेष स्वास्थ्य परीक्षण,

(छ) अन्तर्वार्ता ।

पुनश्चः-

(क) रित नपुगेका र म्याद भित्र राजश्व दस्तुर नतिरेका दरखास्त फाराम दर्ता हुने छैन ।

(ख) सशस्त्र प्रहरी जवान पदको लागि बुँदा नं. ४ (क) मा आफूलाई पायक पर्ने उल्लिखित सशस्त्र प्रहरी बल, नेपालको जुनसुकै कार्यालय/स्थानबाट दरखास्त फाराम दर्ता गर्न सकिने छ । प्रारम्भिक शारीरिक परीक्षणदेखि अन्तर्वार्तासम्मको **परीक्षाहरुको संचालन सम्बन्धित कार्यालयहरुमा** हुनेछ ।

(ग) सशस्त्र प्रहरी जवान र सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदमा अनलाइन मार्फत दरखास्त फाराम दर्ता गरेका उम्मेदवारहरुले आफूले फाराम दर्ता गराए पश्चात मिति **२०८३/०६/३०** गते भित्र उपर्युक्त समयमा तोकिएका कार्यालयमा सम्पर्क गरी आफूले म्यादभित्र भरेको दरखास्त फाराम डाउनलोड गरी प्रिन्ट गरेको प्रति, तोकिएको राजश्व बैंक खाता नं., कार्यालय कोड **र** राजश्व शिर्षक नं. मा राजश्व जम्मा गरेको भौचरको सक्कल प्रति, आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस, रु. १० को टिकट र बुँदा नं. ७ मा उल्लेख भए अनुसारका सम्पूर्ण कागजातहरु लिई अनिवार्य रुपमा उम्मेदवार स्वयं उपस्थित भई प्रवेश-पत्र लिनु पर्नेछ । यदि उल्लिखित मितिमा उपस्थित नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।

(घ) उम्मेदवारहरुले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेश-पत्र **र** नागरिकताको सक्कल प्रति साथमा लिएको हुनु पर्नेछ ।

(ङ) प्रत्येक चरणको परीक्षा समाप्ति पश्चात नतिजा प्रकाशन गरिनेछ, उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराईनेछ ।

(च) परीक्षा संचालन गर्दा खुला तथा समावेशीतर्फ एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अङ्कको आधारमा समावेशीतर्फका उम्मेदवारहरु बीचमा छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(छ) बुँदा नं. ६ मा उल्लिखित राजश्व दस्तुर शुल्कको अतिरिक्त उम्मेदवारहरुको विस्तृत र विशेष स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम थप शुल्क लाग्नेछ ।

(ज) **बुँदा नं. ८ (घ) मा उल्लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।**

(झ) लिखित (परिचरको हकमा प्रयोगात्मक परीक्षा) र अन्तर्वार्ता परीक्षाको नतिजा निम्नानुसारको क्रममा प्रकाशन गरिनेछ ।

| | | | |
|---|---|---|---|
| (क) खुला | (ख) महिला | (ग) आदिवासी/जनजाति | (घ) मधेसी |
| (ङ) दलित | (च) पिछडिएको क्षेत्र | (छ) अमर/अशक्त स.प्र.क. सन्तति | |

(ञ) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुबै कान देखिने गरी कपाल छोटो काटेको हुनु पर्नेछ (पुरुषको लागि मात्र) ।

(ट) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार उम्मेदवार स्वयं हुनेछ ।

(ठ) सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १२ को उपनियम (५) मा व्यवस्था भए बमोजिम सशस्त्र प्रहरी जवान र सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदको लागि अन्तर्वार्ताको नतिजा प्रकाशन नहुँदासम्म रिक्त हुन आएका पदहरुलाई सोही विज्ञापनमा समावेश गर्न सकिनेछ ।

(ड) नियुक्ति पाए पछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको सम्बन्धित दर्जाको आधारभूत तालिम गर्नु पर्नेछ ।

नोटः-

(१) सम्मानित सर्वोच्च अदालतबाट सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोक, काठमाडौं समेत विपक्षी रहेको रिट नं. ०७८-WO-०३८४ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम आवश्यक कानूनी प्रावधान मिलाए पछि कायम हुन आउने कूल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व. ०७९/०८० मा कानूनमा तोकिएका समावेशी समूहलाई समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटी हुन गएको क्षति समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानूनहरुमा भएको व्यवस्था बमोजिम नै पदपूर्ति गर्ने गरी यो सूचना प्रकाशन गरिएको छ ।

(२) सशस्त्र प्रहरी सेवामा बहाल रहेका कर्मचारीहरुको हकमा ३० (तीस) वर्ष (जन्म मिति २०५३/०५/२६ गतेसम्म) ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछन् । त्यस्ता विभागीय उम्मेदवारहरुको हकमा सम्बन्धित दर्जाको आधारभूत तालिम अनिवार्य सम्पन्न गरेको र विभागीय कारबाही नभएको तथा कारबाही प्रक्रियामा नरहेको भनी सम्बन्धित कार्यालयको सिफारिस पत्र दरखास्तसाथ संलग्न गर्नु पर्नेछ ।

(३) अनलाइन माध्यमबाट दरखास्त फाराम भर्नका लागि उम्मेदवारहरुले https://bharna.apf.gov.np/ मा गई दरखास्त फाराम भर्न सकिनेछ । Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा टेलिफोन नं. ९८५१२७२५८४ मा सम्पर्क गर्न सकिनेछ ।

(४) साधारण समूह, साधारण उपसमूहतर्फ सम्बन्धित पदहरुको पाठ्यक्रम, अनलाइन आवेदन दिने दरखास्त फाराम तथा परीक्षा संचालन हुने मिति, समय, स्थान र परीक्षाको नतिजा लगायतका विवरणहरु सशस्त्र प्रहरी बल, नेपालको वेबसाइट ***www.apf.gov.np***, टोल फ्रि नं. १११४ एवं आधिकारिक ***Facebook Page: Armed Police Force, Nepal*** बाट समेत जानकारी लिन सकिनेछ ।

नेपाल सरकार, गृह मन्त्रालय, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, मानवश्रोत विभाग, हलचोक, काठमाडौं

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,
**भर्ना तथा छनौट शाखा,**
हलचोक, काठमाडौं ।